कर्णाली प्रदेश सरकार

उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय

## उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय

## दैलेख

प.स. ०८१/०८२
च.न. ४०५

**मितिः२०८१/१०/१८**

**बिषय : मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम संचालन सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित मिति २०८१।१०।१९

कर्णाली प्रदेश सरकारले गरिब, बेरोजगार तथा बिपन्न दलितको परम्परागत पेशा वा ब्यवसायलाई आधुनिकीकरण गर्दै आयआर्जन क्षमता बिकास गर्न देहाएका कार्यक्रम संचालन गर्न लागेको हुँदा यस कार्यक्रममा सहभागी हुन चाहाने दैलेख जिल्ला भित्रका इच्छुक दलित, दलित समुदाय तथा दलितलाई बित्तीय पहुँच सेवा दिन इच्छुक सहकारी संस्थाले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्ध) दिन भित्र देहाय बमोजिमका कागजात संलग्न राखी उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेखमा आबेदन दिनु हुन मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम संचालन नियमावली,२०८० को नियम ८ को उपनियम (२) बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

शंकर बहादुर थापा
कार्यालय प्रमुख

| क.स | कार्यक्रम | आबश्यक लाभग्राही संख्या |
|---|---|---|
| १ | सामाग्री तथा पुर्वाधार सहयोग कार्यक्रम | प्राप्त निबेदनको आधारमा संख्या तोकिने |
| २ | बित्तिय पहुँच सहयोग कार्यक्रम | प्राप्त निबेदनको आधारमा संख्या तोकिने |

टेलिफोन नं.०८९-४२०१३६,फ्याक्स नं......,ईमेलःcsidbdailekh1@gmail.com वेव साईटः dailekh.oicp.gov.np

आबश्यक कागजातहरु

**१. सामाग्री तथा पूर्वाधार सहयोग कार्यक्रमका लागी पेश गर्नु पर्ने आवश्यक कागजातहरु :**

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

ख) सम्वन्धित निर्वाचन क्षेत्र भित्र कम्तीमा ६ महिना अगाडी देखि बसोवास गरेको ,समान प्रकृतिको कार्यक्रम बाट लाभ प्राप्त नगरेको ,बिपन्न नागरिक भएको र परम्परागत रुपमा पेशा गर्दै आएको भए सो ब्यहोराको स्थानीय तहको सिफारिस पत्र ।

ग) नियामावलीको अनुसचि १ बमोजिमको ब्यवसायिक योजना ,लागत साझेदारी प्रस्ताव , ब्यवसाय दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

घ) नियमावलीको अनुसुचि ३ बमोजिमको परियोजना प्रस्ताव ।

ङ) पेशा ब्यवसायलाई आधुनिकीकरण गर्न आबश्यक मेशिन उपकरण वा पुर्वाधार निमार्णको ब्यवसायिक प्रस्ताव ।

च) दलितलाई संगठित गरी सामुहिक रुपमा उत्पादन तथा आयआर्जनका क्रियाकलाप ब्यवस्थित रुपमा संचालन गर्न आवश्यक पूर्वाधार निर्माण सम्बन्धि आयोजना प्रस्ताव ।

छ) सिप अभिबृद्धी तालिम प्राप्त गरी रोजगारीमा आबद्ध हुन चाहने लाभग्राहीले आवश्यक सामग्री वा उपकरण खरिद तथा उद्योग स्थापना प्रस्ताव ।

ज) लाभग्राहीलाई संगठित गरी सामुहिक स्तरमा आयआर्जनका क्रियाकलाप संचालन गर्न सहयोग पुग्ने सहकारी ,साझेदारी उद्योग वा ब्यवसाय सम्बन्धी साझेदारीयुक्त लागत प्रस्ताव ।

झ) समुहगत लाभग्राहीको हकमा प्रत्येक समुहमा फरक फरक घरपरिवारका कम्तीमा १५ जना लाभग्राही समेटीएको समुहको निर्णयको प्रतिलिपि र सदस्यको नामावली ।

ञ) पेशा वा ब्यबसायलाई निरन्तरता गर्ने लिखित प्रतिबद्धता ।

**२.बित्तिय पहुँच सहयोग कार्यक्रमका लागी सहकारीले पेश गर्नु पर्ने आवश्यक कागजातहरु :**

क) सहकारी संस्थाको संस्था दर्ता प्रमाण पत्र ,बिनियम,पछिल्लो लेखा परिक्षण प्रतिबेदन र करच'क्ता प्रमाण पत्तको प्रतिलिपि ।

ख)नियमावलीको अनुसचि १ बमोजिमको ब्यवसायिक योजना र अनुसुचि ४ बमोजिको प्रतिबद्धता प्रत्र ।

ग) सहकारी संस्थाको साधारण सभा वा संचालक समिति बाट बिउ पुंजी रकम प्राप्त गरी आयआर्जन कार्यक्रममा अधिकतम परिचालन गर्ने ब्यहोराको निर्णयको प्रतिलिपि ।

घ) सहकारी संस्थाको कार्यक्षेत्र, बित्तिय क्षमता ,सेयर सदस्य संख्या र संगठनात्मक संचनाको बिवरण खुलेको कागजात ।

ङ) पेशा वा व्यवसायलाई निरन्तरता गर्ने प्रतिबद्धता पत्र ।

**३ बित्तिय पहुँच सहयोग कार्यक्रमका लागी फर्म , समूह समूदाय र ब्यक्तिले पेश गर्नु पर्ने आवश्यक कागजातहरु**

:क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

ख) अनुसुचि ३ अनुसारको आबेदन ।

ग) नियमावलीको अनुसचि १ बमोजिमको व्यवसायिक योजना लागत साझेदारी प्रस्ताब,सम्बन्धित पेशा ब्यबसायको तालिम लिएको प्रमाण प्रत्र,व्यवसाय दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण प्रत्रको प्रतिलिपी ।

घ) पेशा व्यवसायलाई आधुनिकीकरण गर्न आबश्यक मेशिन उपकरण वा पुर्वाधार निर्माणको व्यवसायिक प्रस्ताब

ङ) समुहगत लाभग्राहीको हकमा प्रत्येक समुहमा फरक फरक घरपरिवारका कम्तिमा १५ जना लाभग्राही समेटीएको समुहको निर्णयको प्रतिलिपी र सदस्यको नामावली ।

च) पेशा वा व्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिबद्धता ।

**नोट : आबेदन फारम कार्यालय बाट निशुल्क प्राप्त गर्न सकिने छ ।**

**थप जानकारीका लागी**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेखका निम्न सम्पर्क नम्बरहरुमा सम्पर्क गर्न सकिनेछ ।

कार्यालयको नम्बर ०८९–४२०१३६ कार्यालय प्रमुख ९८५८०३०१३६

सुचना अधिकारी ९८५८०८०१३६ परशुराम आचार्य ९८४८३०००८८

रनकुमारी थापा ९८४४८९५१०४ इमेल ठेगाना csidbdailekh1@ gmail.com

web - dailekh.oicpo.gov.np **(उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेख )**

कार्यालय प्रमुख
बहादुर थापा

कर्णाली प्रदेश सरकार

उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय

दैलेख

प.स. ०८१/०८२
च.न. ४०९

मितिः-२०८१/१०/१८
ने.स.११४५ शिल्लाथ्व २ शुक्रवार

**विषयः–सुचना टाँस गरि जानकारी पठाईदिने सम्बन्धमा ।**

श्री नारायण नगर कार्यपालिकाको कार्यालय,
दैलेख ।

प्रस्तुत विषयमा यस कार्यालयको आ.ब.०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम सचालन सम्बन्धिको सूचना थान १ यसै पत्र साथ संलग्न राखी पठाईएको छ । तहाँ कार्यालयको सूचना पार्टीमा टाँस गरी सोको जानकारी पठाईदिनु हुन अनुरोध छ ।

.......................................
(शंकर बहादुर थापा)
कार्यालय प्रमुख

टेलिफोन नं.०८९-४२०१३६,फ्याक्स नं......,ईमेलःcsidbdailekh1@gmail.com वेव साईटः dailekh.oicp.gov.np